

# सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन निर्देशिका

## Manual for Business Exploration Survey

Implemented by giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

इलम कार्यक्रम

हेल्भेटास | नेपाल

# हेल्भेटास नेपालको सङ्क्षिप्त परिचय

हेल्भेटास स्वीस इन्टरकोअपरेसन अन्तराष्ट्रिय गैरसरकारी संस्था हो जसले अफ्रिका, एसिया र दक्षिण अमेरिकी महादेशका ३२ राष्ट्रमा आत्मनिर्भरता र दिगो विकास प्रवर्द्धनका लागि कार्य गर्दछ ।

हेल्भेटास स्वीस इन्टरकोअपरेसनले नेपालमा सन् १९५६ देखि नै काम गर्न थालेको हो । अहिले यसले मुलुकका सबै अर्थात् ७५ वटै जिल्लामा धेरैवटा प्राविधिक तथा सामाजिक संस्थाहरुसँग मिलेर काम गरिरहेको छ । हेल्भेटासले नेपालमा मुख्यरुपमा मानिसहरुका निम्ति आवश्यक नयाँ-नयाँ विकल्पहरुका लागि उपयुक्त वातावरण सिर्जना गर्न तथा जीविकोपार्जनमा सुधार ल्याउन नवीन सीप र क्षमता निर्माण गर्नेतर्फ लक्षित कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । हेल्भेटासले मुख्यतः पाँचवटा क्षेत्रमा बढी ध्यान दिएको छः शिक्षा र सीप विकास, वातावरण र जलवायु, सुशासन र शान्ति, ग्रामीण अर्थतन्त्र अनि जल तथा भौतिक पूर्वाधार ।

यसले आफ्ना हरेक कार्यक्रम सञ्चालन गर्ने क्रममा असल शासनका आधारभूत कुराहरु जस्तै : पारदर्शिता, जवाफदेहिता र सहभागिताको पालना गरेको हुन्छ ।

इलम कार्यक्रम

हेल्भेटास स्वीस इन्टरकोअपरेसन | नेपाल

# हाम्रो भनाइ



प्रत्येक वर्ष नेपालका करिब चार लाख युवाहरू कामको खोजीका लागि श्रम-बजारमा प्रवेश गर्दछन् तर हामीसँग उपलब्ध स्थानीय स्रोत-साधनको सदुपयोग हुन नसक्दा उद्यमशिलताको विकासमार्फत् ग्रामीण औद्योगिकीकरणको विकास हुन सकिरहेको छैन र व्यावसायिक अवसरहरू पनि न्यून छन् । उपयुक्त व्यावसायिक अवसरहरू सिर्जना गर्न स्थानीय स्रोत-साधनको पहिचान तथा आर्थिक-सामाजिक गतिविधिको जानकारी हासिल गर्न अध्ययनको जरुरत पर्दछ । यसै क्रममा 'हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाल'को 'इलम परियोजना'ले सन् २०१४ मा सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन विधि विकास गरी प्रयोगमा ल्याएको छ । सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनले रोजगारमूलक उद्यमहरूको स्थापना गर्न पर्याप्त व्यावसायिक जानकारी प्रदान गर्दछ। स्थानीयस्तरमा हुनसक्ने कुनै निश्चित व्यावसायिक क्षेत्रको अवस्थालाई सूक्ष्म रूपले अध्ययन गर्न यो निर्देशिका सहयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु। उद्योग तथा व्यवसायको स्थापनामा सहयोग गर्न पनि यो निर्देशिका प्रभावकारी सन्दर्भ-सामग्री हुनेछ भन्ने मैले ठानेको छु।

अन्तमा, यो निर्देशिका तयार गर्न अहम् भूमिका निर्वाह गर्ने 'इलम कार्यक्रम'का टिम-लिडर सन्दिप पौडेल लगायत कृष्णलाल कर्ण, टेकबहादुर सिंह तथा व्यवसाय सेवा प्रदायकहरू सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

धन्यवाद ।

डा. भरत पोखरेल
राष्ट्रियनिर्देशक
हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाल

# विषयक्रम

हेल्भेटास नेपालको सङ्क्षिप्त परिचय
हाम्रो भनाइ

## भाग-एक

सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन निर्देशिका ६
- पृष्ठभूमि ६
- निर्देशिकाको उद्देश्य ७
- निर्देशिकाका प्रयोगकर्ताहरू ७
- अध्ययनबाट हासिल हुने व्यावसायिक अवसरहरू ७
- आवश्यक सामग्रीहरू ८
- विषयवस्तु ८
- भौगोलिक क्षेत्र ८

## भाग-दुई

सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनबारे जानकारी १०
- अध्ययनको परिचय १०
- अध्ययनका उद्देश्यहरू १०
- सर्वेक्षण विधि १०
- तथ्याङ्क सङ्कलनका सीमाहरू १२
- जानकारी सङ्कलन गर्दा ध्यान दिनुपर्ने कुराहरू १४

## भाग-तीन

व्यावसायिक विश्लेषण १६
- सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनका चरणहरू १६
- तथ्याङ्क विश्लेषण प्रक्रिया १७
- उद्योग व्यवसाय छनोटका आधारहरू (नमुना) १८
- अन्य केही महत्वपूर्ण पक्षहरू २०

सम्भाव्य व्यावसायिक क्षेत्रको अध्ययन फाराम (नमुना प्रतिवेदन) २१

प्रकाशक
हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाल

सामग्री तथा तस्वीर
हेल्भेटासका स्वीस इन्टरकोअपरेशन नेपालका कर्मचारी, साझेदार र शुभचिन्तकहरू

भाषा सम्पादन
तोया गौतम, ओजस्वी इन्स्टिच्यूसन

लेआउट
मणि रत्न तुलाधर, ओजस्वी इन्स्टिच्यूसन

प्रकाशन मिति
२०७१ असार

व्यापारिक प्रयोजन बाहेक, यस पुस्तिकालाई पाठकहरुले आवश्यकताअनुसार स्रोत खुलाई प्रयोग गर्न सक्नुहुनेछ ।



# भाग-एक

- ✓ सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन निर्देशिका
- ✓ पृष्ठभूमि
- ✓ निर्देशिकाको उद्देश्य
- ✓ निर्देशिकाका प्रयोगकर्ताहरू
- ✓ अध्ययनबाट हासिल हुने व्यावसायिक अवसरहरू
- ✓ आवश्यक सामग्रीहरू
- ✓ विषयवस्तु
- ✓ भौगोलिक क्षेत्र

# सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन निर्देशिका

## सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनको पृष्ठभूमि

कुनै पनि क्षेत्रको आर्थिक तथा सामाजिक गतिविधिको जानकारी प्राप्त गर्नका निम्ति सम्बन्धित विषयका बारेमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्नुपर्ने हुन्छ । त्यसरी अध्ययन/अनुसन्धान गर्नुभन्दा पहिले त्यसका उद्देश्यहरू निर्धारण गर्नुपर्दछ। ती उद्देश्य हासिल गर्नका लागि अध्ययनका निश्चित विधिहरू आवश्यक पर्दछन्। यिनै कुराहरूलाई ध्यानमा राखेर व्यावसायिक क्रियाकलापसम्बन्धी अध्ययन गर्नका निम्ति हेल्भेटास स्वीस इन्टर कोअपरेसन नेपालको 'इलम परियोजना' ले सन् २००४ मा सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन (Area Potential Survey) विधि विकास गरी प्रयोगमा ल्याएको छ । यसबाट स्थानीय स्रोत/साधनको पहिचान भई व्यवसायको विकास तथा रोजगारमूलक कार्यक्रम सञ्चालनमा टेवा पुगिरहेको छ । व्यावसायिक सम्भाव्यता अध्ययनले सामुदायिक विद्युतीकरण भएका क्षेत्रहरूमा स्थानीय स्रोत-साधनमा आधारित व्यावसायिक अवसरको पहिचान गरी विद्युतको प्रयोग गरेर व्यवसाय प्रवर्द्धन गर्नका लागि पर्याप्त व्यावसायिक जानकारी प्रदान गर्दछ । त्यस क्षेत्रमा व्यावसायिक गतिविधिहरूको अवसर तथा सम्भावनाका साथै व्यावसायिक वातावरण बनाउन चाल्नुपर्ने कदमहरुको बारेमा पनि जानकारी दिन्छ।

सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन खास गरेर स्थलगत रुपमा जानकारी सङ्कलन गर्ने अनुसन्धान विधि हो । व्यावसायिक सम्भाव्यतामा केन्द्रित रहेर छोटो समयमा सामाजिक/आर्थिक गतिविधिबारे अध्ययन गर्नका लागि यसको प्रयोग गरिन्छ। व्यावसायिक गतिविधि सञ्चालन गर्नुपूर्व गरिने सम्भाव्यता अध्ययनले सो क्षेत्रको व्यावसायिक सम्भावना, अवसर र चुनौतीका बारेमा जानकारी प्रदान गर्दछ। यो विधिले स्थानीय स्तरमा विद्यमान व्यावसायिक क्षेत्रको सम्भावनाका समग्र पक्षलाई अध्ययन गर्दछ। त्यसबाट प्राप्त हुने सूचना र जानकारीको विश्लेषण गरेर व्यावसायिक गतिविधि सञ्चालन गर्न सकिने वा नसकिने सम्भावनाबारे स्पष्ट रुपमा मार्गदर्शन प्रदान गर्दछ। यस अध्ययनबाट भौगोलिक क्षेत्र, जनसङ्ख्या, जातजाति, धर्म/संस्कृति, रीतिरिवाज, मुख्य पेशा, शैक्षिक अवस्था, स्थानीय स्रोत-साधन, आर्थिक अवस्था, भौतिक पूर्वाधार एवम् व्यापारिक र औद्योगिक गतिविधिबारे जानकारी हासिल गर्न सकिन्छ। यस अध्ययनबाट स्थानीयस्तरमा उद्योग/व्यवसाय प्रवर्द्धनका निम्ति संलग्न सङ्घ/संस्था र सरकारी निकायबाट सञ्चालन भइरहेका कार्यक्रमका सम्बन्धमा समेत आवश्यक जानकारी प्राप्त गर्न सकिन्छ, जसका आधारमा भविष्यमा व्यावसायिक गतिविधि सञ्चालनमार्फत् रोजगारी सिर्जनामा पनि टेवा पुग्न जान्छ।



मूलतः स्थानीय स्तरमा काम गर्ने व्यावसायिक सेवा प्रदायक र रोजगारदाताहरुलाई सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनमा सहयोग पुऱ्याउनका लागि नै यो निर्देशिका तयार गरिएको हो। यसको अर्थ व्यावसायिक सङ्घ/संस्थाले मात्रै यस विधिको प्रयोग गर्नुपर्छ भन्ने चाहिँ होइन। उपलब्ध स्थानीय स्रोत/साधनको पहिचान

र परिचालन गरेर व्यवसाय सञ्चालन गर्न चाहने निजी उद्यमी वा व्यवसायी सबैले यो विधि अनुसरण गर्न सक्दछन् । यसले उद्योग-व्यवसाय सञ्चालन गर्नमा सहयोग पुऱ्याउँदछ । सम्भाव्य क्षेत्रको पहिचान एवम् अध्ययन गर्ने फाराम, कार्यक्षेत्र छनोट र मूल्याङ्कन विधिबारे प्रष्ट्याउने प्रयास पनि यस निर्देशिकामा गरिएको छ ।



## निर्देशिकाको उद्देश्य

नयाँ व्यावसायिक सम्भावनाको खोजी र विद्यमान व्यवसायको प्रवर्द्धन गर्न चाहने उद्यमी, सङ्घ/संस्था र व्यवसायसम्बन्धी सेवा प्रदायकलाई निर्देशिकाको प्रयोग, सर्वेक्षण विधि र तथ्याङ्क विश्लेषणसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान र सीप प्रदान गर्नु यस निर्देशिकाको मुख्य उद्देश्य रहेको छ ।

## निर्देशिकाका प्रयोगकर्ताहरू

यस निर्देशिकाका प्रयोगकर्ताहरु निम्नानुसार हुनसक्ने ठानिएको छः

- व्यवसाय सेवा प्रदायकहरू,[1] जसले स्थानीय क्षेत्रमा व्यावसायिक गतिविधि सञ्चालन गर्नका निम्ति आवश्यक अध्ययन गर्न चाहन्छन् ।
- व्यावसायिक सङ्घ/संस्थाहरू, जसले स्थानीय स्रोत/साधनको पहिचान गरी व्यवसायको विकास तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न चाहन्छन् ।
- सम्भाव्य क्षेत्र अध्ययन गर्ने पेशागत व्यक्ति, विज्ञ र परामर्शदाताहरू, जसले सम्भाव्य व्यवसायका बारेमा अध्ययन गर्न चाहन्छन् ।
- निजी क्षेत्रका लागनीकर्ताहरू, जसले व्यावसायिक वातावरण तथा अवसर र चुनौतीको जानकारी प्राप्त गरी लगानी गर्न चाहन्छन् ।

## अध्ययनबाट हासिल हुने व्यावसायिक अवसरहरू

- अध्ययनबाट सम्बन्धित क्षेत्रमा व्यावसायिक गतिविधि सञ्चालनका निम्ति आवश्यक पर्ने स्थानीय स्रोत/साधन, कच्चा पदार्थ, प्रविधि र आधारभूत भौतिक पूर्वाधारका बारेमा जानकारी पाउन सकिन्छ । यस्तो जानकारीले व्यवसाय सञ्चालन र प्रवर्द्धनमा सहयोग पुऱ्याउँदछ ।
- यसले स्थानीय व्यक्ति एवम् समुदायको पेशा, धर्म र संस्कृतिसँगै उद्योग/व्यवसायप्रतिको रुचि, धारणा र आवश्यकतालाई उजागर गर्दछ । जसबाट उद्यमी/व्यवसायीहरुलाई स्थानीय आवश्यकता अनुरुपको उपयुक्त

---

1 व्यवसाय सेवा प्रदायकहरू त्यस्ता व्यक्ति तथा समूह हुन् जसले व्यवसाय विकासमा सहयोग गर्दछन् । उनीहरुले उद्यमशीलतासम्बन्धी तालिमदेखि वस्तु तथा सेवाको बजारीकरण, लघुऋण र प्रविधि विकास जस्ता कार्यमा उद्यमीलाई निजी क्षेत्रबाटै सहयोग पुऱ्याउँदछन् र आफू पनि एउटा उद्यमीको रुपमा स्थापित भएका हुनसक्छन् ।



व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न मार्गदर्शन मिल्दछ।

- अध्ययनबाट लघु व्यावसायिक क्रियाकलापका निम्ति उपयुक्त क्षेत्रको छनौट र उपलब्ध स्रोत/साधनको समुचित परिचालनमा मद्दत पुग्दछ । स्थानीय उद्यमी/व्यवसायी, सङ्घ/संस्थाहरू (सरकारी, गैरसरकारी, बैङ्क/वित्त कम्पनी आदि)को अध्ययन गरी ती संस्थासँग सम्पर्क, सहकार्य र समन्वयको विस्तार गर्न पनि मद्दत मिल्दछ।

## आवश्यक सामग्रीहरू

सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन गर्नका निम्ति 'व्यावसायिक क्षेत्र सम्भाव्यता अध्ययन'को फाराम नं. १ (नमूना प्रतिवेदन) आवश्यक पर्दछ।

## विषयवस्तु

यस निर्देशिकामा निम्न विषयवस्तुहरू समेटिएका छन्:

- सम्भाव्य क्षेत्र अध्ययनको परिचय, महत्व र सान्दर्भिकता
- अध्ययन विधि
- आवश्यक सामग्रीको प्रयोग
- सम्भाव्य व्यावसायिक क्षेत्र छनोट मूल्याङ्कनका आधारहरू
- सूचनाको विश्लेषण तथा प्रतिवेदन तयारी

## भौगोलिक क्षेत्र

भौगोलिक क्षेत्रलाई आधार मानेर सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनका निम्ति स्थलगत सर्वेक्षण विधि प्रयोग गर्न सकिन्छ। त्यसका निम्ति कुनै गाउँ विकास समिति (गाविस), अर्धशहरी (नगरोन्मुख) क्षेत्र, नगरपालिका (नपा) तथा जिल्लालाई पनि अध्ययन गरिने भौगोलिक क्षेत्रका रुपमा निर्धारण गर्न सकिन्छ। कुनै निकाय वा अध्ययन गर्न चाहने स्वयंले आवश्यक क्षेत्र पहिचान गर्नुपर्दछ। यस्तो क्षेत्रको अध्ययन गर्नका लागि एकजना विषयगत दक्षता भएका (व्यावसायिक सम्भाव्यता अध्ययन गर्न सक्ने) र एकजना स्थानीय सहयोगी तथा जानकार व्यक्तिको आवश्यकता पर्दछ।

| क्षेत्र | |
|---|---|
| ग्रामीण बजार क्षेत्र | जिल्ला विकास समिति (जिविस), कृषि विकास कार्यालय, सहकारी कार्यालय वा अन्य कुनै निकायले निर्धारण गरेका स्थानीय तथा अर्धशहरी क्षेत्रलाई आधार मानी अध्ययन गर्न सकिन्छ। |
| नगरपालिका/ शहरी क्षेत्र | नगरपालिका वा सरकारले निर्धारण गरेको शहरी क्षेत्रलाई आधार मानी अध्ययन गर्न सकिन्छ। |
| जिल्ला तह | जिल्लाको मुख्य बजार क्षेत्रलाई पनि अध्ययन-क्षेत्रको रुपमा निर्धारण गरी समग्र जिल्लाको अध्ययन गर्न सकिन्छ। |



# भाग-दुई

- ✓ सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनबारे जानकारी
- ✓ अध्ययनको परिचय
- ✓ अध्ययनका उद्देश्यहरू
- ✓ सर्वेक्षण विधि
- ✓ तथ्याङ्क सङ्कलनका सीमाहरू
- ✓ जानकारी सङ्कलन गर्दा ध्यान दिनुपर्ने कुराहरू

# सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनबारे जानकारी

## अध्ययनको परिचय

व्यावसायिक गतिविधि सञ्चालनका निम्ति स्थानीयस्तरमा उपलब्ध स्रोत/साधनलाई नै मुख्य आधार मानिन्छ। नयाँ व्यवसाय र सेवाको स्थापनासँगै विगतदेखि सञ्चालनमा रहेका साना तथा ठूला व्यवसायको विकास एवम् विस्तारका निम्ति आवश्यक पर्ने कृषि, गैरकृषि, वन, उर्जा, पर्यटन तथा कृषिमा आधारित कच्चा पदार्थ, दक्ष जनशक्ति, प्रविधि र अन्य आधारभूत पूर्वाधारहरुको अवस्थाबारे लक्षित क्षेत्रबाट जानकारी प्राप्त गर्ने कार्यलाई नै 'सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन' भनिन्छ। यसले व्यवसायको विकाससम्बन्धी कार्यक्रम सञ्चालनका निम्ति चरणबद्ध रुपमा आवश्यक सूचना र जानकारी प्रदान गर्दछ। यसैका आधारमा व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ।

## अध्ययनका उद्देश्यहरू

- अध्ययन गरिएका क्षेत्रको सामाजिक, आर्थिक तथा व्यावसायिक सम्भावनाका बारेमा जानकारी प्राप्त गर्नु।
- स्थानीयस्तरमा उपलब्ध स्रोत/साधन, प्रविधि, जनशक्ति, बजार, पूर्वाधार तथा व्यावसायिक अवसर र चुनौतीको पहिचान गर्न सहयोग पुऱ्याउनु।
- स्थानीय क्षेत्रमा कार्यरत सङ्घ/संस्थाले सञ्चालन गरेका व्यावसायिक क्रियाकलापबारे जानकारी प्राप्त गरी आवश्यक समन्वय र सहकार्यका निम्ति सम्भाव्य क्षेत्र यकिन गर्नु।
- कृषि, वन, उर्जा, पर्यटन तथा गैरकृषिमा आधारित लघु, मझौला तथा ठूला उद्योगका निम्ति आवश्यक पर्ने कच्चा पदार्थ, बजार, प्रविधि, दक्ष जनशक्तिको पहिचान र परिचालनको सम्भावना पहिल्याउनु।
- सम्भाव्य लक्षित समूह तथा सेवा प्रदायक संस्थाहरूको पहिचान गर्नु र भविष्यमा उद्यमशिलता विकासमार्फत् दिगो उद्यम स्थापना तथा रोजगारी अभिवृद्धिमा टेवा पुऱ्याउनु।
- साना तथा ठूला उद्योगको अन्तरसम्बन्धको पहिचान गरी आवश्यक समन्वय र सहकार्यको वातावरण सिर्जना गर्नु।



## सर्वेक्षण विधि

अध्ययन/अनुसन्धानसँग सम्बन्धित प्रचलित विधिकै प्रयोग गरेर सम्भाव्य व्यावसायिक क्षेत्रको अध्ययन गरिन्छ। यसअन्तर्गत प्रत्यक्ष अवलोकन र स्थानीय जानकारहरूका अनुभवका आधारमा समुदायसँग प्रत्यक्ष रुपमा सरोकार राख्ने विषयमा व्यावहारिक ज्ञान लिन सकिन्छ। त्यसैले यस अध्ययनमा स्थलगत

## सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनको प्रक्रिया




सर्वेक्षणलाई अनिवार्य गरिएको छ। समुदायमा विभिन्न किसिमका व्यक्ति र वर्गको बसोबास रहेको हुन्छ, जहाँ बौद्धिक वर्ग, विषयगत जानकार र उद्यमी/व्यवसायीहरू पनि रहेका हुन्छन् । स्थलगत सर्वेक्षण एवम् समूहगत छलफलका क्रममा स्थानीय बासिन्दाले विभिन्न जिज्ञासाहरु राख्न सक्दछन् । सावधानीवश र चित्तबुझ्दो ढङ्गले ती जिज्ञासाको समाधान गर्न सकिएन भने त्यसले समग्र अध्ययनलाई प्रभावित तुल्याउन सक्दछ । अझ भनौं, अध्ययनको उद्देश्य प्राप्तिमा समस्या समेत आउन सक्दछ । यसरी विविधताले भरिएको समुदायमा व्यवसायसम्बन्धी सेवा प्रदायकहरू पुग्नु अगाडि नै पर्याप्त मात्रामा पूर्वतयारी गर्नु अपरिहार्य हुन्छ । व्यावसायिक सम्भाव्यताको विश्लेषणका निम्ति विभिन्न किसिमका सूचना एवम् जानकारीको आवश्यकता पर्दछ। ती सूचनाहरू प्राथमिक स्रोत (Primary Source) र द्वितीयक स्रोत (Secondry Source) दुवैबाट प्राप्त गर्न सकिन्छन् ।

### प्राथमिक तथ्याङ्क (Primary Data) सङ्कलन

अनुसन्धानकर्ताले निश्चित विषयको अध्ययनका निम्ति सम्बद्ध समुदाय वा अध्ययन क्षेत्रमै पुगेर आफैंले सङ्कलन गरेको सूचना र जानकारी नै प्राथमिक तथ्याङ्क हो । अनुसन्धानकर्ताले कुनै विषयमा पहिलोपटक सङ्कलन गरेको तथ्याङ्कलाई नै प्राथमिक तथ्याङ्क भनिन्छ । यसलाई 'फर्स्ट ह्याण्ड इन्फर्मेसन' पनि भनिन्छ । सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनका क्रममा प्राथमिक सूचना सङ्कलन गर्दा देहायबमोजिमका विधिहरुको प्रयोग गर्न सकिन्छ ।

| क्र.सं. | विधि | प्रक्रिया |
|---|---|---|
| १. | अवलोकन (Observation) | ■ सम्भाव्य क्षेत्रको भौगोलिक अवस्था हेर्ने ।<br>■ सम्भाव्य क्षेत्रको सीमासँग जोडिएको क्षेत्र पनि अवलोकन गर्ने ।<br>■ ती क्षेत्रहरुमा वस्तु तथा सेवाको बिक्री/वितरणको माध्यम, आयात/निर्यात र रहन/सहनको अवस्थालाई पनि सूक्ष्म तवरले नियाल्ने । |
| २. | अन्तर्क्रिया (Interaction) | ■ अवलोकन कार्य पूरा भएपछि स्थानीयस्तरका जानकार व्यक्ति, स्थानीय सङ्घ/संस्थाका प्रतिनिधि, व्यवसायी र उद्यमीहरूसँग प्रत्यक्ष रुपमा अन्तर्क्रिया गरी आफूलाई चाहिएको जानकारी सङ्कलन गर्ने । |
| ३. | लक्षित समूह छलफल (Focused Group Discussion) | ■ सम्भाव्य क्षेत्रको वस्तुस्थिति, परिवेश, सम्भाव्य अवसर, चुनौती र समस्याका बारेमा बुझ्नका निम्ति 'लक्षित समूह छलफल विधि'को प्रयोग गरिन्छ । यसका लागि निम्नलिखित तरिकाहरू अपनाउन सकिन्छ:<br>✓ सहभागीको सङ्ख्या हेरी चार वा पाँच समूहमा विभाजन गर्ने । (त्यसरी विभाजन गर्दा एउटा समूहमा चार वा पाँच जनाभन्दा बढी हुनु हुँदैन ।)<br>✓ समूह ठूलो भएमा त्यसलाई विभिन्न उपसमूहमा विभाजन गरी प्रश्नावलीका माध्यमबाट राय सुझाव सङ्कलन गर्ने ।<br>✓ समूहगत छलफल गर्दा निश्चित प्रश्नावलीको माध्यमबाट उपस्थित सबैको सामूहिक प्रतिक्रिया सङ्कलन गर्ने । |
| ४. | अन्तर्वार्ता (Interview) | ■ अन्तर्वार्ता विधिअन्तर्गत सम्बन्धित विषयमा केन्द्रित रहेर प्रश्नहरूको सूची तयार गरी अध्ययनकर्ताबाट सरोकारवाला व्यक्तिहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष प्रश्नहरू सोधिन्छ । |

### द्वितीयक तथ्याङ्क (Secondary Data) सङ्कलन

कुनै एक व्यक्ति वा संस्थाले आफ्नो प्रयोजनका निम्ति लिएको वा प्रयोग गरिसकेको तथ्याङ्क अन्य कुनै व्यक्ति वा संस्थाले पनि प्रयोग गर्दछन् भने त्यस्ता तथ्याङ्कलाई द्वितीयक वा सहायक तथ्याङ्क (Secondry Data) भनिन्छ । विभिन्न निकाय, सङ्घ/संस्था र अनुसन्धानकर्ताबाट यस्ता तथ्याङ्कहरू लिन सकिन्छ । यस्ता तथ्याङ्कहरू प्रकाशित वा अप्रकाशित दुवै हुन सक्दछन् । जस्तो कि; केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय/विभाग, जिविस, नगरपालिका, गाविस, गैरसरकारी संस्थाहरू, सञ्चारमाध्यममा प्रकाशित सूचना र जानकारी आदिलाई द्वितीयक वा सहायक तथ्याङ्कको रुपमा प्रयोग गर्न सकिन्छ । यसमा विभिन्न अनुसन्धानकर्ताहरूले गरेका शोध-अध्ययनहरु समेत पर्दछन् ।

## तथ्याङ्क सङ्कलनका सीमाहरू

आफूलाई चाहिने आवश्यक जानकारीमा मात्र केन्द्रित रहेर तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुन्छ । त्यसरी तथ्याङ्क सङ्कलन गर्दा स्थानीय रहन/सहन, पेशा, आर्थिक अवस्था, श्रम, सीप, विद्युत, यातायात, सञ्चार जस्ता समग्र पक्षलाई समेट्नुपर्ने हुन्छ । यस प्रक्रियामा तथ्याङ्क सङ्कलनदेखि व्यावसायिक क्रियाकलापको छनौट र सञ्चालनको तहसम्मै सरकारी, गैरसरकारी, निजी क्षेत्र, स्थानीय अगुवा र विज्ञहरूलाई समेट्नु पर्दछ । यसले यथार्थ जानकारीको सङ्कलन र व्यावसायिक क्रियाकलापको कार्यान्वयनलाई समेत सहज तुल्याउने छ ।

| अध्ययनबाट प्राप्त हुने मुख्य जानकारी | जानकारीका स्रोत | व्यावसायिक विश्लेषण |
|---|---|---|
| भौगोलिक क्षेत्र र जनसङ्ख्या<br>■ भौगोलिक क्षेत्र (गाविस, वडा नं., टोल)<br>■ जनसङ्ख्या (महिला, पुरुष)<br>■ जातजाति<br>■ धर्म/संस्कृति<br>■ मुख्य पेशा<br>■ शैक्षिक अवस्था<br>■ आर्थिक अवस्था<br>■ व्यावसायिक गतिविधि | ■ जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति आदिका अभिलेखहरू<br>■ तथ्याङ्क विभागबाट प्रकाशित विभिन्न प्रकाशनहरू<br>■ जिल्लागत पार्श्वचित्र (प्रोफाइल) | ■ भौगोलिक क्षेत्रको विश्लेषणले सो क्षेत्रको बारेमा आधारभूत जानकारी हासिल गर्न सघाउ पुऱ्याउँदछ, जस्तैः जनसङ्ख्यालाई आधार मानेर उपभोक्ताबारे यकिन गर्ने, जात/जाति तथा धर्म/संस्कृतिको आधारमा कपडा र खाद्यान्नसम्बन्धी व्यवसाय सञ्चालन गर्ने, व्यावसायिक गतिविधिका आधारमा तयारी वस्तु वा अर्द्धतयारी वस्तु तथा कच्चा पदार्थको आपूर्ति गर्ने आदि । |
| भौतिक पूर्वाधार<br>■ यातायात<br>■ विद्युत<br>■ सञ्चार<br>■ हाट/बजार | ■ स्थलगत अवलोकन<br>■ जिल्ला विकास समिति, नगरपालिका, गाविस<br>■ सम्बन्धित कार्यालयहरू | ■ भौतिक पूर्वाधारको जानकारीले व्यवसाय विकासको सम्भावनालाई थप उजागर गर्दछ । |
| सम्भाव्य उद्योग व्यवसायको पहिचान<br>■ स्थानीय क्षेत्रमा स्रोत/साधनको उपलब्धता के कस्तो छ ?<br>■ के कस्ता उद्योग व्यवसाय सञ्चालन गर्न सम्भव छ ?<br>■ सो क्षेत्रमा के कस्ता उद्योग व्यवसाय सञ्चालन भएका छन् र तिनको विद्यमान अवस्था के कस्तो छ ? | सम्भाव्य उद्योगहरूको अध्ययन<br>■ सम्बन्धित सङ्घ/संस्थाहरूसँग सम्पर्क (उद्योग वाणिज्य सङ्घ, नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय आदि) ।<br>■ स्थलगत अध्ययन भ्रमण तथा छलफल ।<br>■ व्यवसाय सम्भाव्यताका बारेमा घरेलु तथा साना उद्योग कार्यालय/विभाग, उद्योग वाणिज्य सङ्घ, अन्य सरकारी निकायहरू तथा निजी क्षेत्रका प्रकाशन र अध्ययन प्रतिवेदनहरू । | ■ उद्योग/व्यवसायको सम्भाव्यता अध्ययन पश्चात् कृषि, वन, पर्यटनमा आधारित उत्पादनमूलक र सेवामूलक व्यवसाय सञ्चालन गर्न सकिन्छ । |

| उद्योग व्यवसाय प्रवर्द्धनमा संलग्न सङ्घ/संस्थाहरू: | उद्योग व्यवसायको विकासमा संलग्न सङ्घ/संस्थाहरू | उद्योग व्यवसाय प्रवर्द्धनमा संलग्न सङ्घ/संस्थाबारे जानकारी पाइएको खण्डमा वित्तीय पहुँच र लगानीको सम्भावनाबारे विश्लेषण गरी ऋणको उपलब्धता, सीपमूलक तालिम र व्यावसायिक सम्भावनाहरू यकिन गर्न सकिन्छ । |
|---|---|---|
| ■ व्यावसायिक ऋण प्रदान गर्ने सङ्घ/संस्था, बैङ्क, वित्त कम्पनी, सहकारी संस्था आदिको उपस्थिति ।<br>■ व्यावसायिक परामर्श सीप प्रदान गर्ने व्यक्ति र संस्थाहरू ।<br>■ वस्तु तथा सेवाको बिक्री/वितरण र बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने व्यक्ति र संस्थाहरू । | ■ बैङ्क तथा वित्तीय संस्थाहरू<br>■ घरेलु कार्यालय, नगरपालिका<br>■ महिला विकास कार्यालय<br>■ उद्योग वाणिज्य सङ्घ<br>■ व्यावसायिक तालिम, परामर्श, सूचना र सहयोग प्रदान गर्ने सङ्घ/संस्थाहरू । | |

## जानकारी सङ्कलन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- जानकारी सङ्कलन गर्न जाँदा सकेसम्म स्थानीय समुदायलाई स्वीकार्य हुने पोशाकमा जानुपर्दछ ।
- जानकारी लिनुअघि जानकारी दिने व्यक्तिलाई जानकारी सङ्कलनको उद्देश्यका बारेमा प्रष्ट पार्नुपर्दछ ।
- प्राय: व्यस्त रहने र महत्वपूर्ण व्यक्तिहरूसँग जानकारी लिनुपर्दा पूर्व जानकारी दिई समय लिएर मात्रै जानुपर्दछ ताकि आवश्यक जानकारी पाउन सहज होस् ।
- जानकारी लिँदा जानकारी दिने भरपर्दो स्रोतको राम्रोसँग पहिचान गर्नुपर्दछ र उनैसँग जानकारी लिनुपर्दछ ।
- जानकारी लिँदा जानकारी दिने स्रोतको स्वभाव बुझेर उपयुक्त हुने व्यवहार गर्नुपर्दछ ।
- अन्तर्वार्ताका लागि प्रश्न गर्दा आफू सम्बन्धित विषयमा स्पष्ट रुपमा जानकार हुनुपर्दछ ।
- जानकारी दिनेको व्यक्तिगत र निजी सरोकारका विषयमा अनावश्यक प्रश्नहरू गर्नु हुँदैन ।
- राजनीतिक पूर्वाग्रहका सन्दर्भलाई सकेसम्म निरुत्साहित तुल्याइनु पर्दछ ।





# भाग-तीन

- ✓ व्यावसायिक विश्लेषण
- ✓ सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनका चरणहरू
- ✓ तथ्याङ्क विश्लेषण प्रक्रिया
- ✓ उद्योग व्यवसाय छनोटका आधारहरू (नमुना)
- ✓ अन्य केही महत्वपूर्ण पक्षहरू

# व्यावसायिक विश्लेषण

## सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनका चरणहरू

सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनबाट प्राप्त जानकारीलाई व्यावसायिक अवसरसँग जोडेर सोसँग सम्बन्धित चुनौतीको समाधान गर्दै निर्दिष्ट उद्देश्य हासिल गर्नुलाई अध्ययनको प्रमुख उपलब्धि मानिन्छ । पहिचान गरिएका स्रोत/साधनको अधिकतम उपयोग गर्दै प्रत्येक चरणको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु महत्वपूर्ण पक्ष हो । यो विधिको प्रयोगले व्यवसायको विकास र परीक्षण कार्यलाई प्रभावकारी तुल्याउँछ ।

**१. व्यावसायिक अवसरको पहिचानः** अध्ययन-विश्लेषणमा स्थानीयस्तरमा उपलब्ध स्रोत/साधन, प्रविधि, भौतिक पूर्वाधार, स्रोतको दिगोपना, कानुनी प्रक्रिया, विद्यमान व्यवसायका अवसर र चुनौतीको पहिचान गरिन्छ ।

**२. सम्भाव्य व्यवसायको पहिचानः** पहिचान गरिएका व्यवसायको उत्पादन लक्ष्य, परिमाण, जनशक्ति, लगानी क्षमता, प्रविधि, बजारको सम्भावना आदिबारे विशेष अध्ययन गरिन्छ ।

**३. पहिचान भएका व्यवसायको योजनाः** पहिचान गरिएको व्यवसायको योजना तयार गरी उद्यमी पहिचान, स्थान छनोट, लगानी सुनिश्चतताबारे अध्ययन गरिन्छ । त्यसपछि वस्तु विकास र विस्तारको रणनीति तयार गरी सोको कार्यान्वयन गरिन्छ ।

**४. वस्तु विकास र बजार परीक्षणः** व्यावसायिक योजनाअनुसार नयाँ वस्तु तथा सेवाको विकाससँगै विद्यमान वस्तु तथा सेवाको प्रवाहमा सुधार गरिन्छ। उत्पादित वस्तुलाई बजारमा परीक्षण गरी सुधारको रणनीति अपनाइन्छ । व्यवसाय दर्ता, प्याकेजिङ, ब्राण्डिङ, बजार प्रर्दशनी आदिबारे अध्ययन गरी त्यसमा क्रमिक सुधार गर्दै लगिन्छ ।



**५. अनुगमन तथा मूल्याङ्कनः** उत्पादित वस्तु तथा सेवाको व्यावसायिक चुनौती र अवसरको मूल्याङ्कन गरी प्राप्त सुझावका आधारमा व्यावसायिक योजनामा नयाँ प्रविधिको विकास र खोजी गरी त्यसको गुणस्तर सुधार गरिन्छ । यससँगै स्रोतको दिगोपनाबारे पनि अध्ययन गरिन्छ ।

६. विस्तारः व्यवसायलाई रोजगारीको अवसरका रुपमा लिँदै उक्त अवसरलाई समुदायको विपन्न वर्गसम्म विस्तार गर्न सरकारी तथा निजी क्षेत्रको लगानी, सीप विकास र उत्पादनबारे अध्ययन गरी विस्तृत योजना समेत तयार गरिन्छ।



सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययन यस्तो शैक्षिक सामग्री हो, जसले व्यावसायिक अवसरको खोजी गरी नयाँ व्यवसायको विकास तथा विस्तारसम्मको अध्ययन गर्दछ।

## तथ्याङ्क विश्लेषण प्रक्रिया

सङ्कलित जानकारी र तथ्याङ्कहरूलाई अध्ययनको उद्देश्यअनुरुप विश्लेषण गर्नुपर्दछ । गुणात्मक जानकारी/तथ्याङ्क (Qualitative Data) लाई तालिकीकरण विधि र सङ्ख्यात्मक जानकारी/तथ्याङ्क (Quantitative Data) लाई प्रतिशत र कुल सङ्ख्याका आधारमा विश्लेषण गरिन्छ।

सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनबाट प्राप्त जानकारीलाई विश्लेषण गरेर सोही विश्लेषणका आधारमा उद्योग/व्यवसायको छनौट गर्न सकेमा बढी प्रभावकारी हुन्छ। यसका लागि सम्भाव्य व्यावसायिक क्षेत्र अध्ययनमा पहिचान भएका उद्योग/व्यवसायलाई देहायका मापदण्डबाट तुलनात्मक विश्लेषण गरी सो विश्लेषणमा बढी अङ्क प्राप्त गर्ने उद्योग/व्यवसायलाई छनौट गर्नु उपयुक्त हुन्छ।

### तलका बुँदाहरुमा दिइएका उदाहरणहरुले यसलाई अझ प्रष्ट पार्नेछन्।

**१. कमजोर (Fair):** उपलब्ध स्रोत/साधन तथा सेवा थौरै मात्रामा छन्, जसलाई व्यावसायिक रुपमा प्रयोग गर्न सकिँदैन अथवा स्रोत भएर पनि सोको पहुँचसम्म पुग्न लामो समय लाग्ने अवस्था छ भने ती स्रोत/साधनहरूलाई 'कमजोर' श्रेणीमा राख्न सकिन्छ। यसलाई एक अङ्क मात्र दिनुपर्ने हुन्छ।

**२.सन्तोषजनक (Satisfactory):** उपलब्ध स्रोत/साधन तथा सेवाहरू केही मात्रामा छन्, जसलाई व्यावसायिक रुपमा प्रयोग गर्न त सकिन्छ तर दीर्घकालीन (१० वर्षभन्दा माथि) अवधिको प्रयोगका निम्ति चाहिँ कठिन हुने देखिन्छ भने त्यसलाई दुई वा तीन अङ्क दिनुपर्ने हुन्छ।

**३.राम्रो (Very Satisfactory):** उपलब्ध स्रोत/साधन तथा सेवाहरूको सहज पहुँच छ र ती साधनलाई व्यावसायिक एवम् दीर्घकालीन रुपमा उपयोग गर्दा रोजगारी सिर्जना समेत गर्न सकिन्छ भने त्यसलाई चार अङ्क दिनुपर्ने हुन्छ।

**४.अति राम्रो (Excellent):** उपलब्ध स्रोत/साधन र सेवासम्म सहज पहुँच हुनुका अतिरिक्त त्यसलाई व्यावसायिक प्रयोजनले दीर्घकालसम्म उपयोग गरी बढीभन्दा बढी रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ भने पाँच अङ्क दिनुपर्ने हुन्छ।

## उद्योग/व्यवसाय छनौटका आधारहरू (नमुनाको रुपमा)

| क्र.सं. | पूर्वाधार, स्रोत-साधनको उपलब्धता, नीति र अन्य आवश्यक कुराहरूको अवस्था | आधार | उदाहरणका लागि सम्भाव्य व्यवसाय | | |
|---|---|---|---|---|---|
| | | | लोक्ता कागज उद्योग | जडीबुटी प्रशोधन उद्योग | |
| १. | भौगोलिक क्षेत्र तथा भौतिक पूर्वाधार विकास | | | | |
| | ■ सञ्चार सुविधा | मोबाइल तथा टेलिफोन सुविधा नियमित छ । | ५ | ५ | |
| | ■ सवारी साधन चल्नसक्ने बाटो<br>■ ग्राभेल बाटो | सबै गाविसमा बाटोको सुविधा छैन तर बजार क्षेत्रमा सवारी चल्ने ग्राभेल बाटो छ । | ३ | ३ | |
| | ■ सवारी साधन | सानो सवारी मात्र चल्छ । | ४ | ४ | |
| | ■ विद्युत, पानी | विद्युतको उपलब्धता तथा प्रयोगको अवस्था हेर्नु पर्दछ । | ५ | | |
| २. | स्रोत/साधनको उपलब्धता | | | | |
| | कच्चा पदार्थको उपलब्धता | अलैंची ६७२ टन<br>अदुवा ५,९७९ टन<br>लोक्ता ५ टन<br>(सङ्कलन गर्न सकिने) | २ | ५ | |
| ३. | बजारको अवस्था | | | | |
| | स्थानीय बजारमा खपतको अवस्था<br>■ बजारको माग<br>■ बजारको माग | लोक्ताको कागज उत्पादन गर्ने उद्योगहरू धेरै भएको हुँदा तीव्र प्रतिस्पर्धा छ । तेल प्रशोधन गर्ने उद्योग छैनन् । तेल तथा कागज राष्ट्रिय बजारमा खपत गर्न सकिन्छ । | ३ | ४ | |
| ४. | प्रविधिको उपलब्धता | | | | |
| | ■ मेशीन औजारको उपलब्धता ।<br>■ मर्मत सम्भार गर्न सकिने अवस्था । | ■ स्थानीय बजारमा उपलब्ध नभए पनि | ४ | ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मुलुकका प्रमुख शहरमा मेशीन औजारहरु उपलब्ध छन् ।<br>■ कागज बनाउने मेशीन मर्मत गर्ने व्यक्तिहरू स्थानीय स्तरमा उपलब्ध छन् । | | | |
| ५. | जनशक्तिको उपलब्धता | | | | |
| | ■ जनशक्तिको उपलब्धता र दक्षताको स्तर ।<br>■ तेल प्रशोधन गर्ने व्यक्ति चाहिँ नजिकैको गाविसबाट ल्याउनु पर्छ । | ■ कागज बनाउन जान्ने व्यक्तिहरू उपलब्ध छन् । | ४ | ३ | |
| ६. | सरकारी नीति | | | | |
| | ■ तपाइँको उद्योग व्यवसायका लागि सरकारी नीति अनुकूल छ कि छैन ? जङ्गलबाट तीन किलोमिटर टाढा राख्नुपर्ने नियम छ र दर्ता गराउन कठिनाइ छ । | ■ तेल प्रशोधनका लागि स्थापना गरिने उद्योगको विस्तार गर्न सकिने छ । | ३ | ३ | |
| ७ | लगानीको सम्भावना | | | | |
| | ■ स्थानीय स्तरमा वित्तीय सेवाको विद्यमान अवस्था ।<br>■ आफैं पनि लगानी गर्न सकिन्छ । | ■ छवटा बैङ्क तथा वित्तीय संस्थाहरु छन् । | ४ | ४ | |
| ८. | विस्तार गर्ने सम्भावना | | | | |
| | ■ कतिवटा व्यवसाय गर्न सकिन्छ ?<br>■ के यो उद्योग/व्यवसाय वा सेवा अन्य जिल्ला वा अरु ठाउँमा गर्न सकिन्छ ? प्रशोधनका निम्ति उद्योगको विस्तार गर्न सकिन्छ । | ■ कागज उद्योगको स्रोत कम छ ।<br>■ अदुवा तथा अलैंचीको खेतीमा वृद्धि भएकोले | ३ | ५ | |
| | जम्मा अङ्क | | | | |

माथिको तालिकाअनुरुप प्राप्त अङ्कका आधारमा विश्लेषण गरी व्यवसायको छनौट गर्दा जडीबुटी प्रशोधन (तेल प्रशोधन) उद्योगलाई पहिलो प्राथमिकता दिनुपर्ने देखिन्छ। यसका मुख्य कारणहरू देहायबमोजिम छन्।

- स्थानीय स्रोतको अधिक उपलब्धता।
- रोजगारीको बढी अवसर।
- राष्ट्रिय बजार तथा प्रविधिको उपलब्धता।
- वस्तु तथा सेवाको मागमा वृद्धि।
- दीर्घकालीन व्यवसायका लागि स्रोत विस्तारको सम्भावना।

## अन्य केही महत्वपूर्ण पक्षहरू

### सम्भाव्य लक्षित वर्ग/समूह

कुन समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न सकिन्छ र किन भन्ने जानकारीको सारसङ्क्षेप

..........................................................................................................................................

..........................................................................................................................................

### उद्योग व्यवसायको विकासमा संलग्न सङ्घ/संस्था र कार्यक्रमहरू

सम्बन्धित उद्योग व्यवसायको विकासका लागि सघाउने सङ्घ/संस्था र आयोजना, परियोजना वा कार्यक्रमहरू प्रष्ट्याउने जानकारी

..........................................................................................................................................

..........................................................................................................................................

### उद्योग व्यवसायका वर्तमान अवस्था र समस्याहरू

हाल सञ्चालन भइरहेका उद्योग व्यवसायहरूको विद्यमान अवस्था तथा तिनका समस्या एवम् चुनौतीहरू

..........................................................................................................................................

..........................................................................................................................................

### विद्युत तथा उर्जा प्रयोगको अवस्था

अध्ययन गर्ने क्रममा सो क्षेत्रमा विद्युत तथा उर्जाको प्रयोगबाट के कस्ता उद्यम व्यवसायहरू सञ्चालन भइरहेका छन्? तिनीहरूको अवस्था कस्तो छ? र, अन्य अवसर र सम्भावनाहरू के कस्ता छन्? सोको पनि अध्ययन तथा विश्लेषण गर्नु पर्दछ। सोसम्बन्धी जानकारी विद्युत उपभोक्ता महासङ्घ, सामुदायिक विद्युतीकरण गर्ने सङ्घ-संस्थाहरूले प्रदान गर्न सक्दछन्।

वनसँग सम्बन्धित व्यावसायिक अवसर तथा सम्भावनाहरूको पनि अध्ययन गर्नु पर्दछ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................



### व्यवसायको विकास एवम् विस्तारका निम्ति आवश्यक कार्यक्रम तथा सेवाहरू

व्यवसाय विकास कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने विभिन्न चरणहरू

..........................................................................................................................................

..........................................................................................................................................

### सारांश/निचोड

..........................................................................................................................................

..........................................................................................................................................

# फाराम नं. १

## सम्भाव्य व्यावसायिक क्षेत्रको अध्ययन फाराम (नमुना प्रतिवेदन)

### १) परिचय

१.१ जिल्ला :-

१.२ गाविस/नगरपालिका (नपा)को नाम :

### २) जनसङ्ख्या विवरण

२.१ गाविस/नपाको कुल जनसङ्ख्याः महिला.....................पुरुष...................जम्मा....................

| दलित % | | आदिवासी/जनजाति % | | अन्य % | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | |

२.२ गाविस/नगरपालिकाको जम्मा घरधुरी सङ्ख्या (गाविस/नपाले समेटेका क्षेत्रको घरधुरी सङ्ख्या):

२.३ धर्मः १) हिन्दू...........%  २) बौद्ध...............%  ३) मुस्लिम...............%  ४) अन्य..............%

### ३) सामाजिक विवरण

३.१ शिक्षा

| क्र.सं. | स्तर | महिला % | पुरुष % | कैफियत |
|---|---|---|---|---|
| १ | निरक्षर (लेखपढ गर्न नसक्ने) | | | |
| २. | साक्षर (सामान्य लेखपढ गर्न सक्ने) | | | |
| ३. | प्राथमिक तह | | | |
| ४. | माध्यमिक तह | | | |
| ५. | उच्चमाध्यमिक तह वा माथि | | | |

## ४) आर्थिक विवरण

४.१ सञ्चालन भइरहेका ठूला, मझौला र लघु व्यवसायको विवरण:

| उद्योगका प्रकार | उद्योग/व्यवसायको प्रकार (नाम) | मुख्य उत्पादन वा सेवाहरू | कच्चा पदार्थ र सामग्री पाउने स्थान | उद्योगबाट खेर जाने वस्तु | मुख्य बजार क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| ठूला | | | | | | |
| | | | | | | |
| | | | | | | |
| मझौला | | | | | | |
| | | | | | | |
| | | | | | | |
| लघु | | | | | | |
| | | | | | | |
| | | | | | | |

४.२ उद्योग/व्यवसाय विकास तथा विस्तारमा पूर्वाधारको अवस्था र सेवाको विवरणबारे उल्लेख:

४.२.१ भौतिक पूर्वाधार:

| पूर्वाधार | सेवाको अवस्था |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

४.३ उद्योग/व्यवसायमा संलग्न जनशक्तिको अनुमानित प्रतिशत: महिला............% पुरुष............%

- व्यवसाय..................................................
- कृषि......................................................
- जागिर...................................................
- ज्यालादारी...............................................
- वैदेशिक रोजगार.......................................

## ५) सम्भाव्य व्यवसायबारे जानकारी

### ५.१ स्थानीयस्तरमा उपलब्ध स्रोत/साधन

| क्र.सं. | स्रोत | उत्पादन क्षमता | हालको प्रयोग | बजारको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### ५.२ विभिन्न सङ्घ/संस्थाबाट सीपमूलक तालिमप्राप्त व्यक्तिको नाम (सङ्घ/संस्थाले प्रदान गर्ने)

| तालिमप्राप्त व्यक्तिको नाम | लिङ्ग | ठेगाना | तालिमको नाम | तालिम अवधि | रोजगारीको अवस्था | | आम्दानी मासिक |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्वरोजगार | ज्यालादारी | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### ५.२.१ अन्य मुलुकबाट तालिम र अनुभव प्राप्त गरी व्यवसाय सञ्चालनसम्बन्धी सीप हासिल गरेका जनशक्तिको विवरण

| जनशक्तिको नाम | लिङ्ग | ठेगाना | सीप/तालिम | रोजगारीको अवस्था | | कैफियत (कार्य अवधि/वर्ष) |
|---|---|---|---|---|---|---|
| | | | | स्वरोजगार | ज्यालादारी | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५.३ सम्भाव्य लघु उद्योग/व्यवसायहरू के-के हुन सक्छन् (सोका कारणहरू पनि उल्लेख गर्ने)

| सम्भाव्य व्यवसायको नाम | भौगोलिक क्षेत्र तथा पूर्वाधार विकास | स्रोत/साधनको उपलब्धता | बजार प्रविधि | जनशक्ति | सरकारी नीति | लगानी | विस्तारको सम्भावना |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५.३ यस क्षेत्रमा हालसम्म व्यवसाय विकासका सन्दर्भमा देखिएका प्रमुख समस्याहरू के के छन् ?

५.४ सम्भावित नयाँ उद्योग/व्यवसायलाई के-कस्तो सहयोगको आवश्यकता पर्ला ?

| क्र.सं. | सम्भाव्य व्यवसायको नाम | आवश्यक सहयोग (सीप, उद्यमशीलता, बजार, ऋण, अध्ययन-भ्रमण, मेशीन-औजार, प्रविधि अन्य) | सहयोगी संस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## ६) बजारमा बिक्री/वितरण हुने त्यस्ता प्राथमिक उत्पादनहरू (Primary Products) उल्लेख गर्नुहोस् जसलाई प्रशोधन गरी रोजगारीको अवसर सिर्जना गर्न सकियोस्:

| प्राथमिक उत्पादनको नाम | उत्पादन क्षमता | प्रयोग गर्ने क्षेत्र | हाल कहाँ बिक्री/वितरण भएको छ ? | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

६.१ बजारमा बाहिरबाट आयात हुने र बाहिर निर्यात गर्ने वस्तुहरूको बारेमा उल्लेख गर्नुहोस्:

आयात भइरहेका वस्तु र सेवा:

| क्र.सं. | आयात गरिएको वस्तुको नाम | आयात परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

..............................................................................................................................

निर्यात भइरहेको वस्तु र सेवा:

| क्र.सं. | निर्यात भइरहेका वस्तुको नाम | निर्यात परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

..............................................................................................................................

## ७) स्थानीयस्तरमा लाग्ने हाट/बजारको अवस्था:

७.१ बजार क्षेत्रमा लाग्ने हाट/बजारको सङ्ख्या:

७.२ गाविस र नगरपालिका अनुसार लाग्ने हाट/बजारको विवरण:

७.३ हाट/बजारको दूरी र बिक्री हुने वस्तु तथा सेवाहरू:

| क्र.सं. | हाट/बजारको नाम | सदरमुकामबाट दूरी | मुख्य बिक्री हुने वस्तु वा सेवाहरू |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

### ८) यस क्षेत्रमा कार्यरत सङ्घ/संस्थाहरूको विवरण: (यस क्षेत्रमा उद्योग/रोजगारसँग सम्बन्धित सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरू)

| सङ्घ/संस्थाको नाम | लक्षित वर्ग | लगानीको क्षेत्र | समन्वय गरेर कार्यक्रम गर्न सकिने सम्भाव्य क्षेत्र | बजेट |
|---|---|---|---|---|
| जिविस | | | | |
| गाविस/नगरपालिका | | | | |
| घरेलु तथा साना उद्योग कार्यालय | | | | |
| महिला विकास कार्यालय | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### ९) यस क्षेत्रमा कुन-कुन बैङ्क, वित्त कम्पनी, लघु वित्त र सहकारी सङ्घ/संस्थाहरू छन् ?

| वित्तीय संस्थाको नाम | लक्षित वर्ग | लगानीको क्षेत्र | ऋण लगानी प्रक्रिया | समन्वय गरेर कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावित क्षेत्र |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### १०) समूहबारे जानकारी :

| समूहको नाम | सदस्य सङ्ख्या | बचत रकम | बचतको उद्देश्य | लगानीको क्षेत्र | सहयोगी संस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| स्वस्फूर्त समूह | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११) महिलाहरूले अर्को ठाउँमा गएर काम गर्न सक्ने सम्भावनाः छ □ छैन □

१२) क्षेत्रको नक्सा :

१३) सर्वेक्षणकर्ताको अनुभव तथा सुझाव :

**अध्ययनकर्ताको नाम :**

**संस्था/कम्पनी :**

**मिति :**

हेल्भेटास | नेपाल

**स्वीस अन्तर्राष्ट्रिय सहयोग सङ्घ**
धोबिघाट ३, पो. ब. ६८८, ललितपुर, नेपाल
फोन + ९७७ १ ५५४४३३७, फ्याक्स + ९७७ १ ५५३११०९
Email : po@helvetas.org.np, Web : www.helvetasnepal.org.np